# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, भदौ ३१ गते, २०८१ साल (संख्या २७

## भाग ३

## निर्वाचन आयोगको

### सूचना

**<u>स्थानीय तह निर्वाचन (छैठौं संशोधन) नियमावली, २०८१</u>**

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (छैठौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३ मा संशोधन**: स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को खण्ड (ख४) झिकिएको छ।

३. **मूल नियमावलीको नियम २९ मा संशोधन** : मूल नियमावलीको नियम २९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) जिल्ला समन्वय समितिको निर्वाचनको प्रयोजनको लागि आयोगले तोकेको अधिकृत कर्मचारीले निर्वाचन अधिकृतको रुपमा काम गर्नेछ।"

(२) उपनियम (२क) र (२ख) झिकिएका छन्।

(३) उपनियम (३) को "उपनियम (१), (२), (२क) वा (२ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) वा (२) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा "उपनियम (१), (२), (२क) वा (२ख) बमोजिमका" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) वा (२) बमोजिमका" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "उपनियम (२), (२क) वा (२ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपनियम (२) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**रविलाल पन्थ**
**सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।